१३८ औं बैठक

आज मिति २०८१।१२।२१ गते दिउँसो १२:०० बजे यस मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री नारायण बहादुर चन्द | सदस्य सचिव | |

**प्रस्तावहरुः**

**प्रस्ताव नं. १.** प्रदेश समपुरक तथा विशेष योजनाहरु सम्वन्धमा ।
**प्रस्ताव नं. २.** आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण सम्वन्धमा ।
**प्रस्ताव नं. ३.** सडक सरसफाइको रकम भुक्तानी सम्वन्धमा ।
**प्रस्ताव नं. ४.** पारीश्रमिक थप सम्वन्धमा ।
**प्रस्ताव नं. ५.** म्याद थप सम्वन्धमा ।
**प्रस्ताव नं. ६.** प्रतिवद्धता सम्वन्धमा ।
**प्रस्ताव नं. ७.** खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्वन्धमा ।
**प्रस्ताव नं. ८.** जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड सम्वन्धमा ।
**प्रस्ताव नं. ९.** जग्गा खरिद सम्वन्धमा ।
**प्रस्ताव नं. १०.** क्याम्पस फिल्ड तथा सडक सरसफाई सम्वन्धमा ।
**प्रस्ताव नं. ११.** खानेपानी आयोजनाको रकम भुक्तानी सम्वन्धमा ।
**प्रस्ताव नं. १२.** बहुवर्षिय ठेक्का सम्वन्धमा ।
**प्रस्ताव नं. १३.** नमुना खानेपानी मुहान स्रोत संरक्षण तथा पुनभरण कार्यक्रम सम्वन्धमा ।
**प्रस्ताव नं. १४.** बायोमेट्रक डिभाइस खरिद सम्वन्धमा ।
**प्रस्ताव नं. १५.** सामाजिक विकास समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।
**प्रस्ताव नं. १६.** दैनिक ज्यालादारी कर्मचारीको म्याद थप सम्बन्धमा ।
**प्रस्ताव नं. १७.** योजना सम्झौताको म्याद थप सम्बन्धमा ।
**प्रस्ताव नं. १८.** शिर्षक संसोधन सम्बन्धमा ।
**प्रस्ताव नं. १९.** औषधि र चस्मा खरिद सम्बन्धमा ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा आगामी आ.व. २०८२।०८३ मा सुदूरपश्चिम प्रदेश निति तथा योजनामा यस मेलौली नगरपालिकाबाट तपसिलबमोजिमका प्रदेश समपुरक र प्रदेश विशेष योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**तपसिलः**

| प्रदेश समपुरक योजनाहरु | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | अनुमानित लागत रकम रु. | कैफियत |
| १. | तिनजोन्ना नापोखरा सिमदोगडा सडक निर्माण स्तरोन्नती | १,००,००,०००।- | |
| २. | सलेना नैत्रेश्वर र सलेना सेली गाग्वानचौर सडक मेनपा २ | १,५०,००,०००।- | |
| ३. | गाडदेउ खोला चौपाता सिचाई योजना मेनपा ४ | ५०,००,०००। | |
| ४. | टुपाकुलो रडमा सिचाई कुलो निर्माण मेनपा १ | ५०,००,०००। | |
| ५. | तिनजोन्ना कोल्तडी सडक निर्माण मेनपा ८ | ५०,००,०००। | |

| प्रदेश विशेष योजनाहरु | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | अनुमानित लागत रकम रु. | कैफियत |
| १. | वडा कार्यालय भवन निर्माण मेनपा २ र ८ क्रमागत | ७०,४१,५८८.८७।- | |
| २. | दलित लक्षित आय आर्जन कार्यक्रम | ३०,००,०००।- | |
| ३. | शैक्षिक गुणस्तर वृद्धि र लागुऔषध नियन्त्रणका लागि अभिमुखिकरण ८ वटै वडाहरु र नगरपालिकामा | ३०,००,०००।- | |
| ४. | स्वास्थ्य भवन निर्माण मेनपा ६ र ३ | ७०,००,०००।- | |
| ५. | घरेलु भवन निर्माण तथा घेरपर्खाल मेनपा १ | ७०,००,०००।- | |

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ४ कोआधारभूत स्वास्थ्य सेवा केन्द्र भवनको निर्माण कार्य उपभोक्ता समितिबाट गराउने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका वडा नं. ६ मा सडक सरसफाई कार्य गरेबापत अखिल निर्माण सेवालाई प्राविधिक मुल्यांकन अनुसार मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको सि.नं. १४ को सडक मर्मत तथा सम्भार कार्यक्रमबाट भुक्तानी दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकामा पोषण सहजकर्ता पदमा कार्यरत श्री लक्ष्मी भट्टलाई संघीय सरकारको सशर्त कार्यक्रमबाट प्राप्त रकमबाट पारीश्रमिक रु. २५,०००।- र मेलौली नगरपालिकाबाट रु. ३,०००।- थप गरी जम्मा पारीश्रमिक रु. २८,०००।- मात्र २०८१ साउन १ गतेदेखिलागु हुने गरी भुक्तानी दिनेनिर्णय सर्वसम्मतिमा पारीत गरियो ।

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

**निर्णय नं. ५.** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा समावेश भई विविध कारणवस तोकीएको समयमा कार्य सम्पन्न हुन नसकेका तपसिलबमोजिमका ठेक्का तथा कार्यक्रमहरुको म्याद २०८२ असार २० गते सम्म थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

| क्र.सं. | ठेक्का/कार्यक्रमको नाम | म्याद थप अवधि | कैफियत |
|---|---|---|---|
| १. | Multistory school Building Jagadamba Mavi, Hataranga | २०८२ असार २० सम्म | |
| २. | Melauli Bhagwati Mandir jane Bato, Mandir Park Nirman tatha Parisar Gherparkhal Nirman | २०८२ असार २० सम्म | |
| ३. | वडा कार्यालय भवन निर्माण वडा नं. ५ खलिगाड | २०८२ असार २० सम्म | |
| ४. | आइ एल जि प्रोफाईल सम्झौता रकम भुक्तानी | २०८२ असार २० सम्म | |

**निर्णय नं. ६.** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा पर्यटन विकास पुर्वाधार कार्यक्रमबाट पेल्या मेनरोड देखि देखि शिवकेदार मन्दीरसम्म पदमार्ग निर्माणको लागि विनियोजित रकम रु. २,००,०००।- को २०% ले हुन आउने रकम रु. ४०,०००।- नगरपालिकाबाट बेहोर्ने प्रतिबद्धता गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ७.** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा तपसिलबमोजिमका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई यस नगरपालिकामा दर्ता गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

१. ढणौन घट्टेखोला काँडा र दवानी, नायकापानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, मे.न.पा ७
२. असुर रोकटा खानेपानी तथा सरसफाई उपभोक्ता समिति, मे.न.पा. ८

**निर्णय नं. ८.** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा बैतडी जिल्लाको पुर्चौडी नगरपालिकामा आयोजना हुने जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०८१ मा नगरपालिकाको टिम सहभागिताका लागि यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमा विनियोजन भएको रकम रु ४,००,०००।- अपुग हुने देखिएकाले तपसिलबमोजिम रकमान्तर गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

तपसिलः

| क्र.सं. | साविकको योजना/कार्यक्रम | बजेट सि.नं. | रकम रु. | संसोधन भएको योजना/कार्यक्रम | बजेट सि.नं. | रकम रु. | विवरण | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | अन्तरपालिका खेलकुद भुक्तानी | २२८ | ४,५०,०००।- | राष्ट्रपति रनिङ शिल्ड जिल्लास्तरीय | २३५ | १,७०,०००।- | रकमान्तर | आन्तरीक स्रोत नगद | बजेट सि.नं. २३५ रकम रु. ८,००,०००।- कायम भई बजेट सि.नं. २२८ मा रु. २,८०,०००।- कायम भएको |
| ३. | उपमेयर आ.वि. स्तरीय रनिङ शिल्ड प्रतियोगिता | २२९ | १,६५,०००।- | राष्ट्रपति रनिङ शिल्ड जिल्लास्तरीय | २३५ | १,६५,०००।- | रकमान्तर | राजस्व बाँडफाड संघीय सरकार नगद | |
| ४. | मेयर कप महिला तथा पुरुष क्रिकेट प्रतियोगिता | २३१ | १,६५,०००।- | राष्ट्रपति रनिङ शिल्ड जिल्लास्तरीय | २३५ | १,६५,०००।- | रकमान्तर | राजस्व बाँडफाड संघीय सरकार नगद | |

नारायण बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

**निर्णय नं. ९.** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिका ८ नं. वडा कार्यालयको भवन निर्माणका लागि वडा कार्यालयको नाममा रहेको कित्ता नं. ३ को जमिन अपुग हुने देखिएकाले सोही कित्तासंग जोडीएको वडा कार्यालय निर्माणका लागि आवश्यक पर्ने थप जमिन खरिद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १०.** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा मेलौली नगरपालिका वडा नं. १ मा रहेको मणिलेक बहुमुखि क्याम्पस फिल्ड तथा सडक मर्मत कार्यका लागि मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको सि.नं. १५८ को मेलौली नगरपालिका परिसर घेरपर्खाल तथा गेट निर्माणको ठेक्काको भुक्तानी दिई बाँकी रहेको रकमबाट रु. १,००,०००।- भुक्तानी दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. ११.** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको वडा नं. ८ मा आ.व. २०७७।०७८ मा जिल्ला समन्वय समितिबाट रु. ४,००,०००।- र मेलौली नगरपालिकाबाट रु. ३,००,०००।- गरी जम्मा बजेट रु. ७,००,०००।- को सम्झौता भई कार्यसम्पन्न भएको हरडा मौरीइजर खानेपानी निर्माण वडा नं. ८ को जिल्ला समन्वय समितिले बेहोर्ने रकम रु. ४,००,०००।- प्राप्त हुन नसक्दा मेलौली नगरपालिकाले दायित्व लिई चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रमको भुक्तानी बाँकी सि.नं. २१० रहेको हरडा मौरीइजर खानेपानी निर्माण वडा नं. ८ आन्तरीक स्रोत नगद स्रोतबाट रु. ४,००,०००।- खानेपानी निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १२.** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल यस मेलौली नगरपालिकाको नगरपालिका परिसर निर्माणको लागि लागत अनुमान रकम रु. ५४,१३,७१६.२८।- स्वीकृत गरी बहुवर्षिय ठेक्का आहवान गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १३.** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सि.नं. ६०० खर्च शिर्षक ३११७१ सुदूरपश्चिम प्रदेश-सशर्त अनुदान-पुँजिगत स्रोतको बजेट रु. ८,००,०००।- रहेको नमुना खानेपानी मुहान स्रोत संरक्षण तथा पुनभरण कार्यक्रमबाट मेलौली नगरपालिका वडा नं. ८ को धरेरा खानेपानी योजनामा रु. ४,००,०००।- र वडा नं. ९ ~~को असुर रोकटा~~ खानेपानी योजनामा रु. ४,००,०००।- विनियोजन गरी खानेपानी मुहान स्रोत संरक्षण तथा पुनभरण कार्यक्रम गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १४.** प्रस्ताव न. १४ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिको चालु आ.व. २०८१।०८२ को स्वीकृत वजेट तथा कार्यक्रमको क्र.सं. १० नगरपालिकाको जिप, टेयाक्टर र मोटरसाइकल खरिद तथा व्यवस्थापन खर्च शिर्षक ३११२१ आन्तरीक स्रोत नगद स्रोतको रकम रु. ८०,००,०००।- मध्ये सवारी साधनहरु खरिद भई वचत बचत रकमबाट २० वटा बायोमेट्रीक डिभाईस खरिद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १५.** प्रस्ताव न. १५ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको सामाजिक विकास समितिको मिति २०८१।१२।१२ गतेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख

CamScanner

**निर्णय नं. १६.** प्रस्ताव न. १६ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको कार्यालयमा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको ज्यालादारी म्याद २०८२ असार मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १७.** प्रस्ताव न. १७ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत वजेट तथा कार्यक्रममा समावेश भई विविध कारणबस यसअघि तोकीएको म्यादभित्र सम्झौता हुन नसकेको योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने म्याद मिति २०८२ बैशाख मसान्तसम्म थप गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**निर्णय नं. १८.** प्रस्ताव न. १८ माथि आवश्यक छलफल गर्दा चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा क्रमागत योजनाहरु मेलौली नगरपालिका भुक्तानी बजेट उपशिर्षकमा समावेश हुनुपर्ने उदयदेव मन्दीरको कालोपाट र गेट निर्माण वडा नं. ३ विविध कारणवस भुक्तानी बाकीमा राखिन गएकोले सो उपशिर्षकलाई सच्याई क्रमागत योजनाहरु मेलौली नगरपालिका भुक्तानी बजेट परिवर्तन गरी क्रमागत योजना कायम गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

**प्रस्ताव न. १९.** प्रस्ताव न. १९ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिको चालु आ.व. २०८१।०८२ को स्वीकृत वजेट तथा कार्यक्रमको क्र.सं. ४८५ औषधी खरीद खर्च शिर्षक २७२१३ नेपाल सरकार-समानिकरण अनुदान स्रोतको रकम रु. ११,००,०००।- र ५९० आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरीद खर्च शिर्षक २७२१३ नेपाल सरकार-सशर्त अनुदान चालु स्रोतको रकम रु. १४,८३,०००।- मध्ये औषधि खरिदको ठेक्का भई बचत हुने रकमबाट आइरन चक्कीका साथै अन्य आवश्यक औषधिहरु र मेलौली आँखा उपचार केन्द्रका लागि समेत आवश्यक औषधि लगायत चस्माहरु खरिद गर्ने निर्णय सर्वसम्मतिमा पारीत गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

भिम बहादुर चन्द
नगर प्रमुख